नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग

फोन नं. ०९१-५६१४१५
rjkis2ndagriculture@gmail.com
website:http://aciu.rjkip.gov.np

# रानी जमरा कुलरिया सिंचाई आयोजना

## कृषि कार्यक्रम कार्यान्वयन एकाई

टिकापुर, कैलाली

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग रानी जमरा कुलरिया सिंचाई आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाई टीकापुर, कैलाली

**मौसमी/बेमौसमी तरकारी बाली क्षेत्र बिस्तारका लागि सहयोग कार्यक्रममा सहभागी हुन आवेदन प्रस्ताव पेश गर्ने बारेको सूचना !**

सूचना नं.४

सूचना प्रकाशित मिति: २०८१/०४/२८

रानी जमरा कुलरिया सिंचाई आयोजना, कृषि कार्यक्रम कार्यान्वयन एकाई, टीकापुर, कैलालीको आ.व. २०८१/८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषक, कृषक समुह, कृषि सहकारी संस्था/कृषिकार्यमा संलग्न सहकारी र फर्मसंगको सहकार्यमा **"मौसमी/बेमौसमी तरकारी बाली क्षेत्र बिस्तारका लागी सहयोग कार्यक्रम"** सञ्चालनका लागि हिउँदे तरकारी खेती गर्न इच्छुक कृषक/कृषक समुह/सहकारी/कृषि फर्म/उद्यमीहरुले देहायमा उल्लेखित कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१/०५/१० गतेसम्म) भित्र यस आयोजनाको कार्यालय मुनुवारोड, टीकापुर, कैलालीमा रितपुर्वक आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ। म्याद समाप्त भएपछि पेशहुन आएका र रितनपुगेका आवेदन प्रस्ताव उपर कुनै कारवाही नहुने ब्यहोरा समेत जानकारी गराईन्छ।

<u>पुनश्च:</u>

- कार्यक्रम सञ्चालन हुने क्षेत्र: रानी जमरा कुलरिया सिंचाई आयोजनाको कार्यक्षेत्र भित्र
- अनुदान सहयोग : तरकारी बीउबिजनमा अधिकतम ५०% र अन्य उत्पादन सामाग्रीमा अधिकतम ७५%( वा आयोजनाको PIM मा उल्लेख भए बमोजिम)
- खेती गर्नुपर्ने क्षेत्रफल : न्यूनतम ५ कठ्ठा
- समूह/सहकारी मार्फत चक्लाबन्दी गरी ब्लकमा ठूलो क्षेत्रफलमा उत्पादन गर्ने आवेदकलाई प्राथमिकता दिइनेछ।
- प्रदेश सरकार/स्थानिय सरकार/अन्य निकाय संघसंस्थाबाट यसै आवेदन अनुरुपको क्रियाकलापको अनुदान प्राप्त गर्ने भएमा/गरेमा अनुदान दोहोरिनेगरी अनुदान सहयोग प्राप्त हुनेछैन।
- एकाघर परिवारका एक भन्दा बढी सदस्यले आवेदन दिएमा तथा एकाघरका सदस्य ब्यक्तिले समूहगत र ब्यक्तिगत दुबै तरबाट आवेदन पेश गरेको पाइएमा उक्त आवेदनहरुलाई छनौट गरिने छैन।

<u>पेश गर्नुपर्ने कागजातहरु</u>

१. रु. १० को हुलाक टिकट टाँसेको निर्दिष्ट फर्मेट अनुसारको आवेदन
२. नेपाली नागरिकताको प्रतिलिपी र सम्बन्धित जल उपभोक्ता समितिको उपभोक्ता सदस्यता कार्डको प्रतिलिपी
३. जग्गाको क्षेत्रफल खुल्ने लालपूर्जाको प्रतिलिपी वा भाडा/अधिया/भोकबन्दि लिएको भए सम्झौताको प्रतिलिपी वा अन्य क्षेत्रफल खुल्ने आधिकारिक कागजात
४. कृषक समूह/सहकारी संस्था/फर्मको हकमा दर्ता, नविकरण, स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपी र समूह/सहकारीको प्रस्ताव पेश गर्ने सम्बन्धि निर्णयको प्रतिलिपी
५. सम्बन्धित जल उपभोक्ता समिति (कूला समिति) को सिफारिस

<u>थप जानकारी चाहिएमा</u>

रानी जमरा कुलरिया सिंचाई आयोजना
कृषि कार्यक्रम कार्यान्वयन एकाई
टीकापुर, कैलाली
फोननं. ०९१-५६१४१५
<u>website:www.aciu.rjkip.gov.np</u>
<u>Facebook page: Rani Jamara Kulariya</u>

2081/04/26

भरतप्रसाद कंडेल
आयोजना कोअर्डिनेटर